मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. २०८३/०८४

मिति:- २०८३।०५।०८
नेपाल संवत: ११४६

सूचना नं. ७

## पशु भ्याक्सिनेटरको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस मालिका गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गुल्मीबाट प्राप्त पत्रानुसार यस मालिका गाउँपालिका अन्तर्गत रहेका पशुपन्छीहरूमा विभिन्न प्रकारका रोगहरूको नियन्त्रण तथा रोकथामका लागि नियमित खोप कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले उक्त खोप कार्यक्रम सञ्चालनका लागि पशु भ्याक्सिनेटर नियुक्ति गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायका कागजातहरू संलग्न गरी मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास तथा पशु सेवा शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

१. आवश्यक न्यूनतम योग्यता :
मान्यता प्राप्त संस्थाबाट कम्तीमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता (Veterinary JTA/Animal Health Worker) तालिम प्राप्त गरेको वा सो सरहको सम्बन्धित तालिम/योग्यता हासिल गरेको हुनुपर्नेछ।

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. सम्बन्धित शैक्षिक योग्यता/तालिमको प्रमाणपत्रको प्रतिलिपि।
३. सम्बन्धित तालिम वा अनुभवको प्रमाणपत्रको प्रतिलिपि, (भएमा)।
४. अन्य आवश्यक प्रमाणपत्र तथा कागजातहरू, (भएमा)।

..........................................
विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत

वेब साईट www.malikamungulmi.gov.np ईमेल malikagaupalika@gmail.com फोन ०७९-६२००७५ ☎ ९८५७०६७९०६